शङ्खे र फट्याङ्ग्रो



Room to Read

शङ्खे र फट्याङ्ग्रो



लेखक

अनन्त प्रसाद वाग्ले

चित्राङ्कनकर्ता

राजु डंगोल

सम्पादक

भिक्टर प्रधान

Room to Read

शङ्खे र फट्याङ्ग्रो

लेखक	अनन्त प्रसाद वाग्ले
चित्राङ्कनकर्ता	राजु डंगोल
सम्पादक	भिक्टर प्रधान
मुद्रक	एपोलो अफसेट प्रेस (प्रा.) लि., काठमाडौँ
कलर सेपरेसन	प्रिन्ट प्रोसेस (प्रा.) लि., काठमाडौँ
संस्करण	पहिलो, १५,००० प्रति, वि.सं. २०६६

काडुरी च्यारिटेबल फाउन्डेसनको आर्थिक योगदानबाट यस किताबको प्रकाशन सम्भव भएको छ।
This book was made possible with funding provided by the Kadoorie Charitable Foundation.

रूम टु रीड पोस्ट बक्स नं. २११०३, काठमाडौँ, नेपाल, फोन ५५५३९८७, फ्याक्स ५५४७५२०
Room to Read Post Box 21103, Kathmandu, Nepal. Phone 5553987, Fax: 5547520,
email: nepal@roomtoread.org., web: http://www.roomtoread.org

We partner with local communities throughout the developing world to provide quality educational opportunities by establishing libraries, creating local language children's literature, constructing schools, and providing education to girls. We seek to intervene early in the lives of children in the belief that education empowers people to improve socioeconomic conditions for their families, communities, countries and future generations. Through the opportunities that only education can provide, we strive to break the cycle of poverty, one child at a time.

Copyright © 2009 by Room to Read. All rights reserved.

ISBN: 978-9937-500-47-0

प्रकाशकको भनाइ

नेपालमा बालसाहित्यका उत्कृष्ट कृतिका विकासको लागि नेपाल बाल साहित्य समाज, रुम टु रिड र डेनिस राइटर्स असोसिएसनको संयुक्त प्रयासमा शुरु भएको 'नेपालमा बाल साहित्य र चित्रांकनको विकास' नामक कार्यशालाको यो प्रथम वर्षको कृति हो। सन् २००८ मा तीन वर्षको लागि शुरु भएको यस कार्यशालाको लागि आर्थिक सहयोग नेपालका लागि डेनमार्क राजदूतावास, डेनमार्कस्थित डि.सि.सि.डि., मिनिफन्ड र डि.एफ.एफ. जस्ता संस्थाबाट प्राप्त भएको हो।

दश जना लेखक र दश जना चित्रांकनकर्ताको प्रयासबाट प्रथम वर्षको चार दिने कार्यशालाबाट प्राप्त बाल साहित्यका कृतिहरूबाट छनौट गरी श्री अनन्तप्रसाद वाग्ले रचित 'शङखे र फट्याङ्ग्रो' रुम टु रिड द्वारा प्रकाशन गरिएको छ। यसलाई सबैले चाख मानी पढिदिनुहोला भन्ने आशा छ।



हरियो फट्याङ्ग्रो बुरुक्क उफ्रेर शङ्खेकीराको सामुन्ने पुग्यो। शङ्खेले पहिले त त्यो घाँस होला भन्ठान्यो। उसले वास्ता गरेन। फट्याङ्ग्रोका लामा–लामा जुँगा (एन्टेना) ले आफ्ना नरम सिङलाई छुने गरी चलमलाएपछि शङ्खेले फट्याङ्ग्रोलाई चिन्यो। अनि उसले शरीर लल्याकलुलुक पार्दै खुम्च्याएर शङ्खभित्र लुकाउन खोज्यो। "शङ्खेभाइ नडराऊ, नडराऊ। म तिमीलाई केही पनि गर्दिनँ", शङ्खेकीरो लुक्न खोजेको देखेर फट्याङ्ग्रोले भन्यो, "बसौँ न एकैछिन, तिमीसँग केही कुरा गर्नु छ।"

"कति बेतोडले हुर्रिएको, म त झसङ्गै भएँ, कतातिरको बेग हो कुन्नि ?", शङ्खेले सोध्यो।



"यसो घुम्न निस्केको, म पश्चिमतिरको बगैँचामा बस्छु। शङ्खेभाइको घर यतै हो कि ?", फट्याङ्ग्रोले सोध्यो। "ठीक भन्नुभो, म यहीँ सीमसारमा बस्छु", शङ्खेले मनको कुरा खोल्दै भन्यो, "मलाई पनि घुमिहिँड्ने खुब रहर छ। संसार निकै ठुलो छ, रमाइलो छ भन्छन्। आफू त छिटो हिँड्नै सक्तिनँ।"

फट्याङ्ग्रोले थप्यो, “घुम्नु पर्छ, तिमी पनि घुम्न सक्छौ, दौड प्रतियोगितामा कछुवाले खरायोलाई जितेको कथा तिमीलाई थाहा छैन र !”
“त्यो त थाहा छ तर मलाई खरायो बीच बाटैमा निदाएपछि मात्र दौड जित्ने कछुवा मन पर्दैन क्या”, शङ्खेले ठट्टा गर्दै भन्यो, “मलाई त फटफट उफ्रिरहेको तिमीजस्तै फट्याङ्ग्रोलाई जित्ने मन छ क्या !”

फट्याङ्ग्रो शङ्खेको कुरा सुनेर हाँस्यो। त्यसबेला पुच्छर र पछाडिका खुट्टाले मात्र टेकेर ठाडो हुँदै उसले अगाडिका खुट्टा खुब रगड्यो अनि नजिकैको पोखरीतिर घुम्न गयो। शङ्खेले उसलाई हेरिरह्यो।

केही बेर घुमेपछि शङ्खेको नजिकै आएर फट्याङ्ग्रोले भन्यो, "शङ्खे भाइ, तिम्रो सीमसार रमाइलो रहेछ, रसिलो ठाउँ, प्रशस्त बोटबिरुवा।"

शङ्खेले केही भन्न नपाउँदै फट्याङ्ग्रोले थप्यो, "मलाई अलि हतार पनि छ, अहिले जान्छु, पछि फेरि आउँला। अँ साच्चै, तिमी पनि एकपल्ट हाम्रो बगैँचातिर आऊ है।"



शङ्खेले फट्याङ्ग्रोको कुरामा सिङ हल्लाउँदै स्वीकृति जनायो र उसलाई विदाइ गर्‍यो। फट्याङ्ग्रो पनि विदाइमा आफ्ना लामालामा जुँगा हल्लाउँदै त्यहाँबाट हिँड्यो।



“फट्याङ्ग्रो बस्ने बगैँचामा पुग्न त धेरै घस्रनु पर्छ होला, त्यसैले आजैदेखि छिटोछिटो घस्रने अभ्यास गर्छु”, शङ्खेले मनमनै विचार गऱ्यो। सिमसार नजिकै बिजुलीको अग्लो खम्बा थियो। शङ्खेले प्रत्येक दिन त्यही खम्बामा चढ्दै घस्रने अभ्यास थाल्यो।

हरेक दिन ऊ अघिल्लो दिनको भन्दा केही माथि पुग्ने गर्थ्यो।





एकदिन शङ्खेले खम्बाको टुप्पा मै पुग्ने निश्चय गर्‍यो। खम्बाको आधासम्म त सजिलैसँग पुग्यो पनि। आधा नाघेपछि भने बिस्तारै घाम चर्कन थालेकोले उसलाई अप्ठ्यारो-अप्ठ्यारो भयो। तैपनि उसले हिम्मत हारेन। लगातार मथिमाथि घस्रिरह्यो। कति माथि आइपुगियो भनेर ऊ बेलाबेलामा तलतिर हेर्थ्यो र लामो लामो सास फेर्दै आँट बटुल्थ्यो। आफू घस्रेको बाटोमा टल्कने आफ्नो डोब देखेर आफैँ छक्क पर्थ्यो। उसको शरीरमा भएको चिप्लो लस्साका कारण त्यस्तो डोब बसेको थियो।



खम्बाको टुप्पामा पुग्न पुग्न लाग्दा शङ्खेलाई निकै गाह्रो भयो। चर्को घामले उसको शरीरको र्‍याल सोस्यो र जीउ सुक्न थाल्यो। तिर्खा लाग्यो, तर पानी कहाँ पाउनु ! भनन्न रिँगटा लाग्यो र बेहोस होला जस्तो भयो। तैपनि सकेसम्म सम्हालिँदै ऊ माथि-माथि, माथि-माथि घस्रिरह्यो र आखिरमा ऊ खम्बाको टुप्पोमा पुगिछाड्यो।

टुप्पोमा पुगेपछि उसले सबै थकाइ बिर्स्यो र दङ्ग पर्दै चारैतिर हेर्न थाल्यो। सिरसिर-सिरसिर बतासले उसलाई बेग्लै जीवन पाए जत्तिकै खुसी लाग्यो। लामोलामो सास तान्दै ऊ भुईंबाट कहिल्यै नदेखेका दृश्यहरू हेर्न थाल्यो। उसले गाउँ र जङ्गल हेर्‍यो।

बजार, धेरै मान्छे र घरैघर देख्यो। मन्दिर, बगैँचा र जनावरहरू नियाल्यो ।



"फट्याङ्ग्रो बस्ने बगैँचा त्यही होला", पश्चिमतिरको बगैँचा देखेपछि उसले मनमनै अनुमान गऱ्यो। टाउको सक्दो उठाएर अनि सिङ सकेसम्म फैलाएर वरिपरि हेर्दा उसले पुच्छर मात्र टेकेर उभिए झैँ देखियो।



शङ्खेलाई खम्बाको टुप्पोमै बसिरहुँ जस्तो लागिरहेको थियो। त्यसबेला ऊ सगरमाथाको शिखर चुमेका आरोहीभन्दा पनि खुसी थियो। केही क्षणका लागि भोक र तिर्खा बिर्से पनि उसलाई रसिला र हरिया पातको सम्झना आइरहेको थियो। धीत मरुन्जेल त्यस्ता पात चपाएर ऊ मस्तसँग पल्टन चाहन्थ्यो। त्यसैले ऊ बिस्तारै खम्बाको टुप्पोबाट झर्न थाल्यो।



बिस्तारै भोक र तिर्खाको पत्तो भएपछि उसलाई रिँगटा लागेजस्तो भयो। घामबाट बच्न केही बेर खोलभित्र बसेर आराम गर्ने विचारले शरीर खुम्च्याउन मात्र के लागेको थियो, ऊ स्वार्रर चिप्लियो। घाँसमा खसेकाले धन्य उसलाई केही भएन र खोलमा पनि चोटपटक लागेन। तर गल्र्यामगुर्लुम खसेकाले ऊ धेरै डरायो र केहीबेर त बहोसै भयो।





घाम अस्ताएपछि वरपर चिसो हुन थाल्यो। अनि शङ्खे बिउँत्यो र बिस्तारै खोलबाट निस्क्यो। उसले घाँसका कलिला पात पेटभरि खायो र मस्तसँग निदायो।



भोलिपल्ट ऊ फट्याङ्ग्रो बस्ने बगैंचामा जानका लागि तयार भयो। "खम्बाको टुप्पोमा त पुगेँ भने जमिनमा त जति पनि घस्रन सक्छु नि", उसले मनमनै सोच्यो। अनि तुरुन्तै फट्याङ्ग्रोलाई भेटुँला जस्तोगरी पश्चिमतिर हान्नियो।



घस्रिरहेका बेला थाकलको काँडाले शङ्खेको मुलायम जिउमा चस्स घोच्यो। ऊ दुखाइले रन्थनियो र एकैपल्ट खुम्चिएर डल्लो पर्दै शङ्खभित्र घुस्रियो। काँडाको चस्काले उसलाई त्यहीँबाट फर्कूँजस्तो लाग्यो। त्यहीबेला उसले आफ्ना काका र मामाहरूलाई सम्झ्यो। उसका काका र मामा चिप्लेकीराहरू यति होसियार थिए कि उनीहरु तरबार, चक्कु र पत्तिको धारमा समेत सजिलै घस्रन सक्थे। त्यसपछि उसले आफूभित्र आँट बढेको महसूस गऱ्यो। अनि बिस्तारै शङ्खबाट निस्केर फेरि अगाडि बढ्न थाल्यो।

शङ्खे दिनभर हिंडेपछि तरकारी–बारीमा पुग्यो। फट्याङ्ग्रो बस्ने बगैँचा अझै आइपुगेको थिएन। त्यहाँ भोलि मात्र पुग्ने निश्चय गरेर शङ्खे त्यस रात तरकारी–बारीमै बस्यो। उसले सिमी, बोडी र कुरिलाका पात खुब खायो। उसलाई सबैभन्दा मीठो भने गोलभँडाको पात लाग्यो। त्यसैले भोलिपल्ट बिहानसम्म पनि ऊ गोलभँडाकै पातमा थियो।



त्यस दिन एकजना किसान तरकारी–बारीमा आयो र गोलभैँडा टिप्न थाल्यो। शङ्खेले पल्लो छेउमै किसानलाई देख्यो। किसान गोलभैँडा मात्र टिपिरहेको थिएन, ऊ तरकारीका वोटमा भेटिएका कीरा–फट्याङ्ग्रालाई पनि टिप्तै बट्टामा हाल्दै गरिरहेको थियो।

शङ्खे यो देखेर डरायो। ऊ आफूलाई पनि केही गरिहाल्ला कि भन्ने डरले पात नचपाइकन चुप लागेर बसिरह्यो। किसानले भेट्यो भने बट्टामा हाल्छ भन्ने डरले ऊ लल्याकलुलुक भयो। ब्यर्थै यहाँ बास बसिएछ भनेर आफैँलाई मनमनै गाली गऱ्यो। किसान ऊ भएतिरै आइरहेको थियो। सकेसम्म ज्यान त बचाउनै पऱ्यो भनेर ऊ खोलभित्र लुसुक्क पस्यो र पातको तल्लोपट्टि छोपिएर बस्यो।

किसान ऊ बसेकै गोलभैँडाको बोटमा आइपुग्यो। त्यहाँ पाकेका गोलभैँडा थुप्रै थिए। किसानले भकाभक गोलभैँडा टिप्यो। एउटा गोलभैँडा त शङ्खे बसेकै पातनिर थियो। त्यो टिप्ता किसानको हातले उसको खोललाई पनि छोयो, शङ्खे ज्यान गयो अब भनेर झन् डरायो।



तर किसानले शङ्खेलाई देख्दै देखेन। डालाभरि गोलभँडा टिपेर किसान फर्क्यो।

“धन्न बाँचियो”, शङ्खे लामो सुस्केरा हाल्दै निस्क्यो र फट्याङ्ग्रालाई भेट्नका लागि हिंड्यो। “खम्बा चढेको, काँडाले घोचेको र तरकारी बारीमा लुकेर बाँचेको कुरा सुन्दा फट्याङ्ग्रो त छक्कै पर्छ होला”, शङ्खे मनमनै विचार गरिरहेको थियो। उसलाई ती घटना सुनाउन साँच्चै हतार लागिरहेको थियो ।





त्यसदिन पनि शङ्खेले दिनभर हिंड्नु पर्‍यो। घाम अस्ताउनै लाग्दा ऊ एउटा सुन्दर बगैँचाको बारमा पुग्यो। उसले वरिपरि हेर्‍यो र फट्याङ्ग्रो बस्ने बगैँचा पक्कै पनि यही हुनु पर्छ भन्ने अनुमान गर्‍यो। फट्याङ्ग्रो कता होला त भन्ने सोच्दै केहीबेर ऊ बारमै रोकियो।

एकै छिनमा हस्याङफस्याङ गर्दै फट्याङ्ग्रो बारमा आइपुग्यो। फट्याङ्ग्रो आत्तिएको थियो। शङ्खे साथीसँग भेट भयो भनेर खुसी भयो। ऊ सुन्दर बगैंचामा रात बिताउन र आफ्ना कुरा बताउन पाइने भयो भनेर गद्गद् थियो।

"ए, तिमी आइ पुगेको! तर हेर न आज खतरा छ, आज यहाँ ठूलो अनिष्ट हुँदैछ", फट्याङ्ग्रोले हडबडाउँदै भन्यो, "बगैंचामा मालीले विषादी छर्न थालेको छ, म त आँखै हेर्न नसकेर भागेको, सास फेर्न पनि अप्ठ्यारो भइरहेछ।"

फट्याङ्ग्रोले एकै सासमा थप्यो, “कीराफट्याङ्ग्राहरूको रुवाबासी छ, कति मारिने हुन् आज, तिमी पनि फर्किहाल, घाँस भित्र–भित्रबाट बाटो लाग, म पनि उफ्रिहाल्छु, म एक–दुई दिनमा तिमीलाई भेट्न आउँला।”

यति भनेर फट्याङ्ग्रो बुरुक्क उफ्र्यो। उसले बार मात्र नाघ्न खोजेको भए पनि उसको हतार र बेग देख्दा पृथिवी नै नाघ्न खोजे झैँ लाग्थ्यो। एकै फड्कोमा फट्याङ्ग्रोले बार नाघिहाल्यो। अनि शङ्खे पनि आत्तिँदै फर्कन थाल्यो।

त्यस रातभर र भोलिपल्ट दिउँसो समेत लगातार घस्रेपछि शङ्खे बल्ल आफ्नो सिमसारमा आइपुग्यो। उसलाई अन्तभन्दा आफ्नै संसार शान्त र रमाइलो लाग्यो। फट्याङ्ग्रो कहिले आइपुग्ला र मनका कुरा सुनाउँला भनेर शङ्खे पर्खेर बसिरह्यो।



यो कथा एउटा सानो शङ्खे किराको साहसिक यात्राको कथा हो। ढुङ्ग्याको भेट पछि शङ्खेलाई फट्याङ्ग्राले आफ्नो बगैंचा घुम्न निम्तो गर्दछ। शङ्खेलाई पनि संसार देख्ने र घुम्ने इच्छा हुन्छ र उ निम्तो स्वीकार्दै यात्रामा निस्कन्छ। आफ्नो ढिलो चाल हुँदा हुँदै पनि उ कसरी आफ्नो लक्ष्यमा पुग्दछ र बाटामा कै-कस्ता अप्ठ्याराहरु आउँछन् भन्ने थाहा पाउन कथा पढी हेरौं।

This is the story of the big adventures of a little snail. The worldly grasshopper had invited the snail to visit his home. Thrilled with the opportunity to explore the world beyond his garden, snail had eagerly accepted. The journey proved challenging and difficult. But, snail did not let his small size and slow pace stand in the way of reaching his dreams

लेखक Author

अनन्तप्रसाद वाग्ले Ananta Prasad Wagle

चित्राङ्कनकर्ता Illustrator

राजु डंगोल Raju Dangol

अनन्तप्रसाद वाग्लेका केही बालसाहित्य तथा ऐतिहासिक व्यक्तित्वहरुसँग सम्बन्धित जीवनीहरु प्रकाशित भइसकेका छन्। पृथक् विषय र शैलीका बालसाहित्य-सिर्जनामा रुचि राख्ने वाग्ले डेढ दशकदेखि पत्रकारिता र शिक्षण पेसामा संलग्न रहँदै आएका छन्। उनले 'भानु-मोती पुरस्कार-२०६०' तथा 'बाल-विकास पत्रकारिता पुरस्कार-२०६२' प्राप्त गरिसकेका छन्। उनी हाल 'कान्तिपुर दैनिक'सँग सम्बद्ध छन्।



राजु डंगोल नेपाल बाल साहित्यको क्षेत्रको युवा चित्राङ्कनकर्ताका प्रतिनिधिका रुपमा रहेका छन्। हाल त्रिभुवन विश्वविद्यालयबाट फाइन आर्ट विषयमा स्नातक तहमा अध्ययनरत, उनले विभिन्न सामूहिक चित्रकला प्रदर्शनीहरुमा भाग लिइसकेका छन्। डेनिस राइटर्स असोसिएसन, नेपाल बाल साहित्य समाज र रुम टु रिड द्वारा संयुक्त रुपमा आयोजित कार्यशालाका सहभागि उनी हाल एउटा प्रतिष्ठित विज्ञापन एजेन्सी सँग आबद्ध छन्।

Ananta Prasad Wagle has written several books for young readers including realistic fiction as well as biographies of historically important personalities. He is committed to creating a unique style in children literature and has been involved in media and education for over a decade. He has received several awards for his dedication towards literature and media and is currently involved with Kantipur Publication as an editor.

Raju Dangol represents the upcoming young illustrators in the field of children's literature in Nepal. Currently pursuing Master in Fine Arts from Tribhuvan University, he has participated in many group exhibitions. He has also been an active participant of the writers and illustrators workshop being organized collectively by NESCHIL, Danish Writers Association and Room to Read. He is currently associated with Linez advertising agency as a graphic designer and illustrator.

Room to Read

शिक्षित बालबालिकाहरुबाट नै विश्वमा परिवर्तनको थालनी हुन्छ।

World Change Starts with Educated Children.®

ISBN 9937-300-47-8

9789937300470